श्री ५ को सरकार

# निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बैतडीमा स्टल बिमानस्थल निर्माण कार्यको लागि महाकाली अ॰ बैतडी जिल्ला, पाटन आदर्श गाउँ पञ्चायत वडा नं. ७ को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व सु. बे. शेरबहादुर बिष्ट, जनके देउका नन्दराम भाटको आवादि जग्गा र पर्ती बाँझो बंजड जग्गाको साँध, पश्चिम पर्ती बाँझो बंजड जग्गा र सगराम भण्डारी, श्री कृष्ण हाई स्कूल, धनवीर भण्डारी, उदयसिंह कार्की, समेतको आवादी जग्गा साँध, उत्तर पर्ती बाँझो बंजड जग्गा साँध, दक्षिण उदयसिंह कार्कीको र धनवीर भण्डारीको आवादि जग्गा साँध, यती चारकिल्लाभित्रको कि. नं. १४ बाट ३-११-२, कि. नं. १८ बाट १५-१५-०, कि. नं. १९ बाट ७-१७-४, कि. नं. २० बाट ११-०-०, कि. नं. ३५ बाट ४-१०-४, कि. नं. ३६ बाट ४-१३-६, कि. नं. ४७ बाट ०-०-३, कि. नं ४८ बाट ०-०-४, कि. नं. ७२ बाट ०-०-३, कि. नं. १५३ बाट ८-१८-६, समेतको जम्मा मालपोत रू ५।९०।३ (पाँच रूपैयाँ नब्बे पैसा तीन दाम) लाग्ने जम्मा जग्गा ५६-८-० (छपन्न मुरी आठ पाथी) को कित्ता।

आज्ञाले-
नारायणप्रसाद अर्याल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२६